म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १८९ २०८१ जेठ १९ गते शनिबार 1 June 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

## दुई जिल्लामा ३ जनाको मृत्यु

हेटौंडाः बागमती प्रदेशको दुई जिल्लामा एकै दिन ३ जनाको मृत्यु भएको छ। प्रदेशको काभ्रेपलाञ्चोक र धादिङ जिल्लामा विभिन्न घटनामा ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको हो। काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका-११, धनेश्वरमा आइचर गाडी आफैं अनियन्त्रित भई सडकबाट खस्दा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा आइचर चालक काभ्रेको पनौती नगरपालिका-५, ढलमलेका ५२ वर्षीय बद्री बोगटी रहेको प्रहरीले जानकारी दिएको छ। यस्तै, काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका-१२, कार्की गाउँमा गोरेटो बाटोबाट लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ४८ वर्षीय राधेश्याम कार्की रहेको प्रहरीले जानकारी दिएको छ। धादिङ जिल्लाको निलकण्ठ नगरपालिका-१४, धुवाँकोटमा रुखबाट लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ६० वर्षीय गीताबल्लभ लामिछाने रहेको प्रहरीले जानकारी दिएको छ।

# हेटौँडाको पदमपोखरी र हटिया अस्पताल डाक्टरबिहिन




समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका मातहतको ५/५ सैय्याको पदमपोखरी अस्पताल र हटिया अस्पताल डाक्टरबिहिन बनेको छ। हटिया अस्पतालका एमडीजीपी डा. कमलराज न्यौपाने र पदमपोखरी अस्पतालका मेडिकल अधिकृत डा. निशान अर्याल दुबैजनाले राजिनामा दिएसँगै उपमहानगर मातहतका अस्पताल डाक्टर विहिन भएको हो ।

डा. न्यौपानेले फागुन पहिलो साता नै हटिया अस्पतालबाट राजिनामा दिनुभएको हो भने अर्यालले शुक्रबार अन्तिम दिन हाजिर गर्नुभएको छ । २०८० साल मंसिर १८ गतेदेखि हटिया अस्पतालमा सेवा सुरु गर्नुभएका डा. न्यौपानेले फागुन पहिलो साता राजिनामा दिनुभएपछि हटिया अस्पताल डाक्टरबिहिन बनेको छ भने पदपोखरी अस्पताल पनि आइतबारदेखि डाक्टरबिहिन हुने भएको छ।

हटिया अस्पतालमा रिक्त मेडिकल अधिकृत नियुक्तिका लागि उपमहानगरले सूचना जारी गरेको छ। हेटौंडा उपमहानगर पालिकाका जनस्वास्थ्य निरिक्षक भोला चौलागाईका अनुसार पालिकाले एकजना डाक्टर नियुक्तिका लागि दरखास्त आव्हान गर्दा ६ जनाले आवेदन दिएका छन् । हेटौंडा उपमहानगरपालिकाले सूचना जारी गरे पनि डाक्टर छनोटका लागि परीक्षा लिने भने अनिश्चित बनेको छ ।

हेटौँडा उपमहानगरपालिकाका प्रशासन शाखाका लक्ष्मण मैनालीका अनुसार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट बनाउन व्यस्त रहेकाले डाक्टर छनोटको प्रक्रिया प्रभावित भइरहेको छ। हेटौँडा उपमहानगरपालिकाले एकजना डाक्टरका लागि विज्ञापन गरेको छ । यता उपमहानगर मातहतका दुबै अस्पताल भने डाक्टरबिहिन बनेको छ ।

पदमपोखरी अस्पतालमा दुई जना स्टाफ नर्स र दुई जना स्वास्थ्य सहायक कार्यरत छन् । अस्पतालमा दैनिक ३५ जना सेवाग्राही आउने गरेका छन् । अस्पतालका इन्चार्ज शेर बहादुर ब्लोनका अनुसार अब डाक्टर अभावमा स्वास्थ्यचौकीस्तरीय सेवा मात्रै पाउने अवस्था भएको छ । यता हटिया अस्पतालमा दैनिक ३० देखि ३५ जना सेवाग्राही आउने गरेको अस्पतालको वरिष्ठ अहेव अनन्त बास्कोटाले जानकारी दिनुभयो । अस्पतालमा दुई जना स्टाफ नर्स, दुई जना अहेव र दुई जना ल्याब टेक्निसियन रहेका छन् । बास्कोटाका अनुसार डाक्टर नहुँदा बीमा सेवा प्रभावित बनेको छ । हटिया अस्पताल पनि स्वास्थ्यचौकीकै स्तरमा खस्किएको छ ।

# राजनीतिलाई दिशा दिन सबै जिम्मेवारः महासचिव पोखरेल



समाज संवाददाता

हेटौंडाः नेकपा एमालेका महासचिव शंकर पोखरेलले देशको राष्ट्रिय राजनीतिलाई दिशा दिन सबै जिम्मेवार हुनुपर्ने बताउनुभएको छ। शुक्रबार नेकपा एमाले मकवानपुरको १२ औं जिल्ला अधिवेशनलाई सम्बोधन गर्नुहुँदै उहाँले हरेक नेता कार्यकर्ता उत्तिकै जिम्मेवार हुनुपर्ने बताउनुभएको हो ।

हरेक नेता कार्यकर्ता जिम्मेवार भएमा मुलुकलाई सही ढङ्गबाट अगाडि बढाउन सकिने उहाँको भनाइ छ। अहिले मुलुकको राष्ट्रिय राजनीति अत्यन्तै तरल र अस्थिर भएको उहाँले बताउनुभयो । राष्ट्रिय राजनीतिमा नेकपा एमालेको नेतृत्व रहँदा जनतामा सदैव आशा जगाएको र भरोसा पैदा गरेको उहाँको भनाइ छ । उहाँले पार्टी अध्यक्ष केपी ओली प्रधानमन्त्री भइसकेपछि मुलुकमा हरेक क्षेत्रमा उल्लेख्य काम भएको बताउनुभयो ।

देशको स्वाधिनता, स्वाभिमान र राष्ट्रिय हितको पक्षमा नेकपा एमाले सबैभन्दा अघि रहेको उहाँले बताउनुभयो। यसमाथि सबैले भरोसा गर्न सकिने उहाँले बताउनुभयो । नेकपा एमाले नेतृत्वबाट बाहिरिएमा देशको स्वाधिनता, स्वाभिमान र राष्ट्रिय हितका प्रश्न कमजोर हुने उहाँले बताउनुभयो । नेकपा एमाले जनताले चाहेको जस्तो बलियो र नेतृत्वकारी शक्तिको रुपमा स्थापित हुन नसकिरहेको भन्दै उहाँले सबैले आत्मसमीक्षा गर्नुपर्ने बताउनुभयो। अहिले मुलुकको राजनीतिमा देखिएको अस्थिरताको कारण चुनावको बेला नेता कार्यकर्ता निस्क्रिय हुनुको परिणाम भएको उहाँको भनाइ छ ।

एमाले जनताको पहिलो रोजाईको पार्टी हुँदाहुँदै राष्ट्रिय राजनीतिलाई नेतृत्व दिने हैसियतमा संसदभित्र उपस्थित हुन नसकेको उहाँको भनाइ छ । गत निर्वाचनमा ६ लाख भोट वृद्धि गर्ने लक्ष्य राखे पनि त्यसको उल्टो ६ लाख भोट घटेको भन्दै यसको कारणको जिम्मेवार सबै हुनुपर्ने र समीक्षा गर्नुपर्ने महासचिव पोखरेलले बताउनुभयो । अधिवेशनमा आगामी कामको योजना बनाउने सक्षम नेतृत्व चयन गर्न उहाँले आग्रह गर्नुभयो । अधिवेशनको बेला पदमा बस्न होडबाजी हुने र अधिवेशनबाट काम गर्ने कुरामा विश्लेषण गर्दा थोरैमात्र काममा जुट्ने गरेको पाइएको उहाँको भनाइ छ ।

प्रतिनिधिसभाका सदस्य एवम् नेकपा एमाले संसदीय दलका मुख्य सचेतक महेश बर्तौलाले मुलुकको राजनीति ठिक ढङ्गमा नगइरहेको बताउनुभयो। देशका समस्याका बारेमा छलफल गर्नुपर्ने संसद चल्न नसकिरहेको उहाँले बताउनुभयो । उहाँले यसअघि पार्टीविरुद्ध विभिन्न घेराबन्दी र विभिन्न षडयन्त्रहरु भएका कारण सिट संख्यामा एमाले केही तल परेको उहाँको भनाइ छ ।

अधिवेशन आज शनिबारसम्म चल्नेछ । अधिवेशनमा मकवानपुर जिल्लाका १० वटा पालिकाबाट प्रतिनिधि, पर्यवेक्षक र विभिन्न क्षेत्रसंग सम्बन्धित पार्टीको जनवर्गीय संगठनहरुबाट सहभागिता रहेको छ । मकवानपुर जिल्लामा नेकपा एमालेका ११ हजार ६ सय ८४ पार्टी सदस्यबाट अधिवेशनका लागि प्रतिनिधि चयन गरिएको छ। १० वटा पालिकाको १०२ वटा वडा, मजदुर, पेशागत जनसंगठन, ज्येष्ठ कम्युनिष्ट मञ्च, सल्लाहकार परिषद्समेतबाट छानिएर आएका कुल ७६९ प्रतिनिधिहरुले अधिवेशनमा सहभागिता जनाएका छन्। अधिवेशनको बन्द सत्रबाट भावी नेतृत्वसमेत चयन हुनेछ । अधिवेशनबाट ३ वर्षका लागि १ सय ५ जनाको नयाँ कार्यसमिति चयन हुनेछ। नेकपा एमाले मकवानपुरको अध्यक्षमा रघुनाथ खुलाल, लालबहादुर थापा, इन्द्रमान स्याङ्तान आकांक्षी छन्।

पार्टी जिल्ला कमिटीका अध्यक्ष एकालाल श्रेष्ठको सभाध्यक्षतामा भएको अधिवेशनमा पार्टी स्थायी कमिटीका सदस्य गुरु बराल, पोलिटब्युरो सदस्य देवी ज्ञवाली, केन्द्रीय सदस्य एवम् बागमती प्रदेश अध्यक्ष कैलाश ढुङ्गेल, केन्द्रीय सदस्य केदार न्यौपाने, रामेश्वर राना, जुनेली श्रेष्ठ र पार्टी केन्द्रीय सल्लाहकार डोरमणि पौडेललगायतको उपस्थिति रहेको थियो।

# नीतिमा स्पष्टता देखिएनः प्रदेशसभा सदस्य बानियाँ

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सभा सदस्य ईन्द्र बहादुर बानियाँले प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम स्पष्टता नदेखिएको बताउनुभयो । बागमती प्रदेशसभामा आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममाथि बुधबारदेखि सुरु भएको छलफलमा सहभागी हुनुहुँदै शुक्रबार बानियाँले बजेट भन्दा पहिले नीति आउने छलफल हुने तर बजेटमा उक्त कुरा समावेश नहुने अवस्था रहेको बताउँदै सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा स्पष्टता नरहेको बताउनुभएको हो ।



प्रदेश सरकारले कुन क्षेत्रमा बजेटमा समावेश गरेको छ, काम के के भए भनेर हेर्न आवश्यक रहेको उहाँले बताउनुभयो। विगतको नीति कार्यक्रमलाई निरन्तरता दिएर वर्तमान सरकारले शब्द मात्र सुन्दर राखेर नीति तथा कार्यक्रम ल्याएको उहाँको आरोप छ। सरकारले ल्याएको नीति तथा कार्यक्रमलाई समर्थन गर्न सकिँदैन नसकिने बताउँदै ५ वर्ष नारामा नै बितेको प्रदेश सरकारले कुनै गतिलो नीति तथा कार्यक्रम ल्याउन नसकेको बताउनुभयो ।

सरकारले स्वास्थ्य क्षेत्रमा ल्याएको नीति पनि राम्रो हुन नसकेको बताउनुहुँदै प्रादेशिक अस्पतालमा एनआइसियु राख्ने भन्ने तर राख्न नसकिरहेको बताउनुभयो। सरकारले हरेक वर्षको नीति तथा कार्यक्रममा प्राङ्गारिक मलको कारखाना स्थापना गर्ने भन्ने तर कार्यान्वयनमा आउन नसकेको उहाँले उल्लेख गर्नुभयो। विपदका लागि योजना बनाउन आश्यक रहेको बताउनुहुँदै सरकारले ल्याएको नीति तथा कार्यक्रमप्रति विश्वास गर्न नसकिने उहाँले स्पष्ट पार्नुभयो ।

# मन्त्रालय कानुन बनाउन छाडेर प्रहरी चौकी बनाउँदैः प्रदेशसभा सदस्य काफ्ले

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका प्रदेशसभा सदस्य कुन्दनराज काफ्लेले कानुन मन्त्रालयले कानुन बनाउन छाडेर प्रहरी चौकी बनाउन लागेको बताउनुभएको छ । बागमती प्रदेशसभामा आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममाथि जारी छलफलमा सहभागी हुनुहुँदै शुक्रबार प्रदेश सरकारले कानुन निर्माण गर्न छाडेर प्रहरी चौकीको भवन निर्माण गर्दा विकासले गति नलिने बताउनुभयो ।

जनताको सेवामा लगानी नगरी प्रहरी चौकी बनाउन आन्तरिक मामिला तथा कानुन मन्त्रालय लाखौं, करोडौं बाँडेर बसेको बताउनुहुँदै काफ्लेले विश्लेषण नै नगरी नीति तथा कार्यक्रम बनाउने, बजेट हाल्ने अभ्यास भइरहेको बताउनुभयो । विभिन्न कर उठाउनु पर्ने ठाउँमा सरकारले कर उठाउन नसक्नु बजेट घाटामा प्रस्तुत गर्नु सरकारको कमजोरी भएको उहाँले बताउनुभयो । वर्तमान सरकारले आफ्नै दल भित्रका सांसदको विश्वासको पात्र बन्न नसकेको उहाँको भनाइ छ। प्रदेश सरकारले फरक ढङ्गले नीति तथा कार्यक्रम ल्याउनु पर्नेमा सरकारले हिजोकै शैलीमा ल्याएको बताउनुभयो। संघीयताले जातजाति, धर्म, संस्कृति सबैलाई समेट्नु पर्नेमा त्यसो हुन नसकेको भन्दै उहाँले गुनासो गर्नुभयो । अहिलेको बजेट बिचौलियाको हातमा रहेको उहाँले आरोप लगाउनुभयो ।

प्रदेश प्रमुखले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा मन्त्रीहरुले प्रदेश सभामा पछाडि फर्केर प्रदेश सभा सदस्यलाई ताली बजाउन इशारा गरिरहेको दृश्य देख्नुपरेको उल्लेख गर्नुहुँदै कामको उपलब्धी व्याख्या नगरी नीति तथा योजना मात्रै प्रस्तुत गरिएको बताउनुभयो । त्रिभुवन विश्वविद्यालयमा विद्यार्थी नभएरै विभिन्न संकाय बन्द हुने अवस्थामा पुगेको जीकिर गर्नुहुँदै नयाँ विश्वविद्यालय स्थापना गरेर कार्यकर्ता भर्ती गर्ने नियत लिएको आरोप लगाउनुभयो । विश्वविद्यालयको तुलना अनुसन्धान केन्द्र स्थापना गर्न काफ्लेले सुझाव दिनुभयो । विद्यालय मर्जको कुरा, विद्यालय शिक्षाको कुरा गरिरहेको प्रदेश सरकारले आफ्नो कार्यक्षेत्र हो होइन भनेर स्पष्ट हुन नसकेको पनि उहाँको भनाइ छ ।

## हेटौँडा उपमहानगरको कार्यपालिका बैठक

# झोलुङ्गे पुल बनाउन बजेट माग्ने गर्ने निर्णय

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ मा हेटौंडा उपमहानगरपालिका-१३ स्थित टुटेपानी र सिम्पानीबीचको खोल्सीमा झोलुङ्गे पुल निर्माण गरिदिन बागमती प्रदेश सरकारलाई बजेट माग गर्ने निर्णय गरेको छ। जेठ १५ गते मंगलबार बसेको ४५ औं कार्यपालिका बैठकले १५० मिटर लम्बाईको झोलुङ्गे पुल निर्माणका लागि प्रदेश सरकारसँग बजेट माग गर्ने निर्णय भएको हो ।

हेटौँडा उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले हस्ताक्षर गरेर सार्वजनिक गर्नुभएको निर्णयको ५ नम्बर बुँदामा झोलुङ्गे पुलसम्बन्धी निर्णय उल्लेख गरिएको छ ।

मंगलबारको बैठकमा आगामी आर्थिक बर्षका लागि हेटौँडा उपमहानगर पालिकाले पेश गर्ने बार्षिक आय, नीति, बजेट तथा कार्यक्रम तर्जुमाको विषयमा हालसम्म गरिएका तयारी र प्रगतिको विषयमा पनि जानकारी गराइएको उल्लेख छ ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# टुक्का



कृष्ण कुमार वैद्य

विश्व शान्तिको अग्रदूत हुन् सिद्धार्थ गौतम बुद्ध,
बुद्ध वाणी पालना गरि होउन् सबैको चित्त शुद्ध ।

फेरिन सक्छ अन्तरालमा प्रकृतिको रूप रङ्ग,
सबमा व्याप्त भर्दछ चाहना खचाखच उमङ्ग ।

निको हुँदैन भन्छन् मुर्खलाई ज्ञानगुणका कुरा,
अल्पज्ञानी हुन्न पुरक अतः गर्छ आधा अधुरा ।

आत्मीयता सद्भावको पर्वलाई रङ्गिन बनाऔं,
जिन्दगी रङ्गाएर होली उल्लासपूर्वक मनाऔं ।

फोक्सो सिध्याउन मानिस बिनासित्ति अभक्ष्य बाल्छ,
आफू जल्छ आफ्नालाई जलाउँछ जिन्दगी नै फाल्छ ।

बिग्रेका जनताले गर्दाखेरी नेता हुन पाएको,
नेता शासक भएपछि जनताले मार खाएको ।

उज्वल भविष्यको सपना बुनेर पुगे विदेश,
प्रतीक्षा गर्दागर्दै उमेर गयो फुले सारा केश ।

भविष्य बनाउँछु भनेर झन् अन्धकारमा पारे,
युवायुवतीलाई पराईका सस्ता ज्यामीमा झारे ।

लोकतन्त्रमा पनि हुनेखानेकै चल्यो रजगज,
भागबन्डा गरि खाइरहे लोकतन्त्रको कबज ।

लोकतन्त्रको हिमायतीले पनि देखाए तमासा,
शकुनि चालमा पारी पल्टाइदिए पर्लक पासा ।

*बनेपा-९, काभ्रे*

## गाउँखाने कथा

१. न खान्छ न पिउँछ, दिनभरि घरको रक्षा गर्छ ।
- ताल्चा

२. नाउँ के हो कहाँ बास, कताबाट आई पार्छ सत्यानास ।
- भूँइचालो

३. मुख नभएको खल्तीमा पैसा पैसा ।
- खुर्सानी

४. राम्रा चिज देखी आकी सानी सानी मोरी, आउनासाथ कठैबरी अकालैमा मरी ।
- बत्ती र पुतली

५. पारी भिरमा कुकुर भुक्ने, मेरो मुटु दुख्ने ।
- बन्दुक पड्काएको

# म र मेरो कार्यशाला




सुजता प्रधान

म र मेरो कार्यशाला
सबैभन्दा फरक
सबैभन्दा भिन्न
हामी दुई एकै लाग्छ मलाई ...२
रचनात्मक र मिहिनेती
आफ्नो हिसाब आफ्नो काम
आफ्नो बाटो तर सबैको साथ
काम गर समयमा गर
नगरे म छु नि त................
(फाइदा लिन्छन् धेरैले मेरो) २
अनि भन्छन्
मेरो आँखा भिन्न छ रे
मेरो परिवारसँगको समय चोरेर गर्छु थप काम २
जे भन जे गर
तर
आफ्नो काम आफ्नो बाटो
अनि गर्व लाग्छ, मलाई
मेरो इमान र परिश्रमको
अनि
साथ मेरो परिवार र सहयात्रीहरुको
त्यसैले त आज म यहाँ छु
तपाईंहरूको सामु
धन्यवाद ! दिन्छु  म आफूले आफूलाई
हजुरहरुलाई
जस्ले देख्नु भयो मेरो
मिहिनेत अनि मेरो समर्पणलाई
अन्त्यमा यति भन्न चाहन्छु
भिन्न होला तपाईंहरुको दृष्टि म प्रति
गाता हेरेर पुस्तकको मूल्यांकन नगर्नुहोला

*हेटौंडा-१०, भुटनदेवी रोड*

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# आशा



सरोजप्रसाद साह

न आशा बाँचेको छ, न आशा मरेको छ !
न आशा आएको छ, न त गएको छ !!
न आशा घटेको छ, न आशा बढेको छ !!!
जीवनरूपी आशाले, यो जीवन चलेको छ !!!!



न आशा मेरो हो, न यो तिम्रो हो !
न आशा मूर्त छ, न अमूर्त छ !!
न आशा उच्च छ, न त तुच्छ छ !!!
आशारुपी आशाले, यो जीवन व्यस्त छ !!!!

न आशा अमर हो, न यो क्षणिक हो !
न आशा बालक हो, न यो जवान छ !!
न आशा वृद्ध, न त बेजान छ !!!
आसरुपी शक्तिबिना, जीवन बेजान छ !!!

न आशा आज हो, न त हिजो नै!
न आशा सभ्य छ, न असभ्य छ !!
न आशा तरल छ, न त ठोस नै !!!
तर पनि आशारूपी, विश्वासले जीवन बगेको छ !!!

न आशा त बाट छ, न आशा तपाईबाट छ !
न आशा गणित छ, न त यो विज्ञान नै !!
न आशालाई जलाउन सकिन्छ, न बचाउन सकिन्छ !!!
तर पनि जीवनरूपी आशाले, जीवनलाई उठाउन सकिन्छ !!!!



# मेरो सपना



सरफराज अंसारी

मेरो पनि केही चाहना छ
मैले पनि सपना बोकेको छु

जिन्दगीले दिएको सिकाई याद छ
आफन्तले दिएको चोट याद छ

शिक्षकले सिकाएको कला याद छ
भूतको केही आत्मघाती पनि याद छ

आफ्नै समाजले गरेको बेइज्जती याद छ
समाजलाई मुसुक्क मुस्काई जवाफ दिने छु


कसम लिएको त्यो भविष्य याद छ
कठोर सम्झौता गरेको त्यो भूत याद छ
आज परिश्रम गर्दै गरेको वर्तमान याद छ

धेरैले लडाइँ झगडा रोज्यो
कसैले हक मार्‍यो, कसैले लात हानी पछार्‍यो

म मौन तपस्या गर्दैछु
एक दिन वारुद झैं चम्किने छु
सपनालाई एउटा सफलताको रुप दिने छु

मेरो पनि केही चाहना छ
मैले पनि सपना बोकेको छु...

# प्रकृति



प्रतीक्षा बराल

हिमाल हेर टलक टल्क्यो बिहानी प्रहरले
हाँस्दछ पहाड, झुल्दछ तराई किसानको र हरले
रमाउँछ मुल, बग्दछ नदी, मयूर नाच्दछ
मानिसले सेवा गरेमा हेर प्रकृति हाँस्दछ

कल्कल पानी बग्दछ यहाँ खोला र मालामा
रातो र निलो पहेँलो फूल पवित्र मालामा
हरियो डाँडा देखेर होला यो मन हाँस्दछ
नेपाली हामी सबैको मनमा नेपाल बाच्दछ

हेर न हेर क्या सुन्दर फूल मज्जाले फूलेको
धानका खेतमा सुनौंला बाला आनन्द झुलेको
आकाश माथि गड्याङ र गुडुङ बादलका लहर
बसन्त खेल्दा देखिन्छ सुन्दर यो मेरो सहर


*कक्षा-९, नवोदय शिशु सदन*

# चित्रकला






बिस्लिना श्रेष्ठ
ढुधियावा, रौतहट



दिपासना थापा
कक्षाः- १०, जिएस निकेतन, हेटौंडा-५

# लोकतन्त्रका ताँतीहरू



एन्जल पोखेल

पूर्व क्षितिजबाट आउ लोकतन्त्रका ताँतीहरु ॥
अब कहाँ भाग्छौ ए पापी राष्ट्रघातीहरु ॥

फसाउनुसम्म फसायौ मेरो प्यारो राष्ट्र सम्मानसम्म ॥
कोही पनि बोल्दैनौं किन धिक्कारसम्म ॥

केही समयपछि आउँछ होला अब मेरो दिन ॥
मेरो दिन आएपछि जोगाउँछु म मेरो देश ॥


बलात्कार मान्छे यहाँ किसानको छोरी न्याय दिँदैनौ किन ॥
दोषीलाई बचाई निर्दोषीलाई फसाउँछौ किन ॥


हुनुछैन अब हामीलाई निर्मला पन्त जस्तो ॥
किन गर्छौं हामी गरिबको यो देश होइन जस्तो ॥

हुर्की बढी अब छोरी बा-आमालाई पीर ॥
साथीभाइसँग हिँड्दा पनि मान्नुपर्छ डर ॥

*कक्षा-६, बालज्योति मावि, हेटौंडा-५*

# सामुहिक कार्य वृक्षरोपण



समग्र मिश्र

समुदायमा बस्ने मानिसहरुको हक र हितका लागि गरिने कार्यलाई सामुदायिक कार्य भनिन्छ । समुदायका कार्यहरु मध्ये वृक्षरोपण पनि एउटा हो । वृक्षरोपणले हाम्रो समुदायलाई सफा स्वच्छ र हरियाली बनाउँदछ । यहाँ मैले दुई जना साथीले वृक्षरोपण गरेको चित्र बनाएको छु । यस चित्रले वृक्षरोपणले वातावरणलाई धेरै राम्रो देखाएको छ । वृक्षरोपण समुदायमा धेरै राम्रो देखाएकोले गर्दा यस चित्र आकर्षित भएको छ । यसले हाम्रो समुदायलाई सुन्दर बनाउन मद्दत गर्छ ।

*कक्षा-५, नवोदय शिशु सदन, हेटौंडा-४*

# कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय, कान्तिराजपथ मकवानपुरको ३५ दिने सूचना

यस बैंकबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राइटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मन्जुरीनामा दिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

**तपशिल** **सूचना प्रकाशित मिति :- २०८१/२/१९/७**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रु. | मिति २०८० चैत्र मसान्त सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत/मि.नं. |
|---|---|---|---|---|---|---|---|
| १. | आशिष सिलाई प्रशिक्षण केन्द्र | हेटौंडा न.पा. ९ लामसुरे मकवानपुर | सहुलियत कर्जा | ७९७,००० | १७६००० | ९७३,००० | १६,६८८ |

फर्मको दर्ता नं.: ९४३६/१२४/२०७२/२०७३, दर्ता भएको कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय, दर्ता मितिः २०७२.५.१४.२ पान नं. : ६०३४२१७२५ पान दर्ता मिति : २०७२.५.२०

प्रोप्राईटर/सांझेदार/संचालकहरुको नाम

| नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| सुनिता दर्नाल | हेटौंडा न.पा. ९ लामसुरे मकवानपुर | ३९/२६६९९ | मकवानपुर, २०६२.६.३ | गम्बिर बहादुर दमै | पति : मिन कुमार दर्नाल |

धितो मंजुरिनामा दिनेको नाम

| नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|

बिनाधितो कर्जा

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरिकता नं.,जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८० चैत्र मसान्त सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत/मि.नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | साबित्रि कुमारी महत | हेटौंडा ११, नवलपुर | १९६ मकवानपुर २०३३।७।२९ | पतिः सक्कल बहादुर सिं, बाबुः गोबिन्द बहादुर महत | | सरल कृषि कर्जा | ९८०,००० | ९५००० | १,०७५,००० | ६३८५ |

धितो मंजुरिनामा दिनेको नामः धितो कर्जा ग्राहककै नाउँमा दर्ता कायम छ।

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रु. | मिति २०८० चैत्र मसान्त सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत/मि.नं. |
|---|---|---|---|---|---|---|---|
| ३. | मेरो टेलर्स | हेटौंडा न.पा. २ बनस्खण्डी मकवानपुर | सेवा कर्जा | १,५००,००० | २५५,००० | १,७५५,००० | १७४३९ |

फर्मको दर्ता नं.: ९६०४/२९३/०७२/०७३, दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दर्ता मिति : २०७२.९.२९.४ पान नं. : ६१६७२०७०७ पान दर्ता मिति : २०७८.५.३०

प्रोप्राईटर/सांझेदार/संचालकहरुको नाम

| नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| गीता परियार | हेटौंडा न.पा. २ बनस्खण्डी मकवानपुर | ३१/५०/३३३७३ | मकवानपुर, २०६२.१२.१८ | बाबुलाल नेपाली | पति : धन बहादुर परियार |

धितोधनिको बिवरण

| नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| तेज बहादुर परियार | हेटौंडा न.पा. २ बनस्खण्डी मकवानपुर | ७०४४ | मकवानपुर, २०४४.९.९ | राम परियार | लाटो |

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रु. | मिति २०८० चैत्र मसान्त सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत/मि.नं. तथा आई.डि. |
|---|---|---|---|---|---|---|---|
| ४ | नमुना कृषि तथा पशुपालन गाई फर्म | मकवानपुरगढी गा.पा. वडा नं. ४ धर मचुली पाखिनचोक मकवानपुर | कृषि तथा पशुपंक्षीपालन कर्जा | ६००,००० | १,१०,००० | ७१०,००० | १६८३२/१७०५५२९ |

फर्मको दर्ता नं.: १४३/९५, दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दर्ता मिति : २०७६.५.१६.२ पान नं. :६११७३७६४५ पान दर्ता मिति : २०७६.५.१६

प्रोप्राईटर/सांझेदार/संचालकहरुको नाम

| नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| शुभद्रा घिसिङ्ग | मकवानपुरगढी गा.पा. वडा नं. ४ धरमचुली पाखिनचोक मकवानपुर | ६१/४०२९२ | मकवानपुर, २०६३.८.११ | सुर्य बहादुर पाखिन | पति : श्रीराम घिसिङ्ग |

धितो मंजुरिनामा दिनेको नाम

| नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|

बिनाधितो कर्जा

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रु. | मिति २०८० चैत्र मसान्त सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत/मि.नं. तथा आई.डि. |
|---|---|---|---|---|---|---|---|
| ५ | हेटौंडा वास सेन्टर | हेटौंडा न.पा. ५ पिप्ले | बिदेशबाट फर्किएको युवा परियोजना (सहुलियत कर्जा) | ५८८,००० | ७०,००० | ६५८,००० | १६४३३/१४३४८१४ |

फर्मको दर्ता नं.: १०७१७/८३६/२०७४/२०७५ दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दर्ता मिति : २०७४.५.१.५ पान नं. :६०६४२२०७१ पान दर्ता मिति : २०७४.५.१

प्रोप्राईटर/सांझेदार/संचालकहरुको नाम

| नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| रमेश कुमार थिङ्ग | मकवानपुरगढी गा.पा. वडा नं. १ सरमपुर मकवानपुर | ३११०११/४३०१४ | मकवानपुर, २०६४.१.१७ | सुवात सिं तामाङ्ग | सुग लाल थिङ्ग तामाङ्ग |

धितो मंजुरिनामा दिनेको नाम

| नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|

बिनाधितो कर्जा

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रु. | मिति २०८० चैत्र मसान्त सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत/मि.नं. तथा आई.डि. |
|---|---|---|---|---|---|---|---|
| ६ | बलु हेल्थ क्लिनिक | बसामाडि गा.बि.स. वडा नं. ५ बसामाडि (हाल हेटौंडा न.पा. ३ बसामाडि) मकवानपुर | दलित समुदाय व्यवसाय बिकास कर्जा | ६००,००० | १,२०,००० | ७२०,००० | १६६८१/१५७८५६२ |

फर्मको दर्ता नं.: १७, दर्ता भएको कार्यालय : कैलाश गाउँपालिका ६ नं. वडा कार्यालय मकवानपुर, दर्ता मिति : २०७६.१०.८ पान नं. : ३०३९०६८२३ पान दर्ता मिति : २०६६.९.२५

प्रोप्राईटर/सांझेदार/संचालकहरुको नाम

| नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे : सुर्य बहादुर बिश्वकर्मा |
|---|---|---|---|---|---|
| बलराम बि.क | कैलाश ६ पकनी मकवानपुर | ५६/३६९६४ | मकवानपुर, २०६३.४.१८ | बिर बहादुर बि.क. | पति : |

धितो मंजुरिनामा दिनेको नाम

| नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|

बिनाधितो कर्जा

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरिकता नं.,जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८० चैत्र मसान्त सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत/मि.नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | कमान सिं माझी | बकैया गा.पा. वडा नं. ५ पावस | ३११००५/४८४६८ मकवानपुर २०६४।११।२१ | पति/बाबु :- राम बहादुर माझी | गले माझी | सरल कृषि कर्जा | ९००००० | १७५००० | १०७५००० | १६४४५/१०६१९३७ |

धितो मंजुरिनामा दिनेको नाम

| नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| राम बहादुर माझी | बकैया गा.पा. वडा नं. ५ पावस | १५७० | मकवानपुर २०४५।२।२४ | गले माझी | बनौले |

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रु. | मिति २०८० चैत्र मसान्त सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत/मि.नं. |
|---|---|---|---|---|---|---|---|
| ८ | श्रृजना फलफुल कृषि तथा पशुपंक्षी फार्म | हेटौंडा उ.म.न.पा. १२ सिग्रेनी सोल्टी चोक, मकवानपुर | पशुपंक्षीपालन कर्जा | २४,००,००० | २४५,००० | २,६४५,००० | १७०१९/१७९६८३५ |

फर्मको दर्ता नं.: २०९४/१०३३/०७७/०७८, दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दर्ता मिति : २०७७.७.१७.२ पान नं. : ६०५७२६९९२ पान दर्ता मिति : २०७३.१०.२७

...बाँकी पृष्ठ ४ मा

# श्रमिक विद्यालयको क्याप्टेनमा यादव विजयी

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-४, कर्रामा रहेको श्रमिक माध्यमिक विद्यालयको क्याप्टेनमा कृष्णा यादव विजयी हुनुभएको छ । शुक्रबार भएको निर्वाचनमा १ सय ५ मत हासिल गर्दै कक्षा ७ मा अध्ययनरत यादव विद्यालयको क्याप्टिन चयन हुनुभएको हो ।

विद्यालयको उपक्याप्टेनमा कृष्ण कुमार साह निर्विरोध निर्वाचित हुनु भएको छ । विद्यालयले शुक्रबार विभिन्न पदमा निर्वाचन सम्पन्न गरी चारवटा हाउसको क्याप्टेन तथा उपक्याप्टेन तथा युवा रेडक्रस सर्कलको पदाधिकारीसमेत चयन गरेको छ।

विद्यालयको ब्लु हाउस क्याप्टेनमा कक्षा ८ का आर्यन चौरसिया १५ मत ल्याएर निर्वाचित हुनुभएको छ भने उपक्याप्टेनमा कक्षा ६ का कृष थिङ २८ मत प्राप्त गर्दै निर्वाचित हुनुभएको हो। यस्तै, एल्लो हाउसको क्याप्टेनमा कक्षा ९ का विवश तिमल्सिना निर्विरोध निर्वाचित हुनु भएको छ ।

रेड हाउसको क्याप्टेनमा कक्षा ७ का विकासकुमार गुप्ता २१ मतले निर्वाचित हुनुभएको छ भने उपक्याप्टेनमा कक्षा ७ कै सोनु अहमद अन्सारी २३ मतले निर्वाचित हुनुभएको हो । यस्तै, ग्रिन हाउसको क्याप्टेनमा कक्षा ९ का अनिक गुप्ता २३ मतले निर्वाचित हुनुभएको छ भने उपक्याप्टेनमा कक्षा ६ की सञ्जीवनी भुजेल निर्विरोध निर्वाचित हुनुभएको हो ।

विद्यालयको युवा रेडक्रस सर्कल (युरेस)को अध्यक्षमा कक्षा ६ का टुकनाथ पाण्डे निर्वाचित हुनुभएको छ । पाण्डेले १०७ मत प्राप्त गरेका थिए । उपाध्यक्षमा कक्षा ७ की खुशी बलम्पाकी मगर र सहसचिवमा कक्षा ६ की निखत खातुन निर्विरोध हुनुभएको छ । युरेस सदस्यमा कक्षा ६ का जीत जैसवाल र खुश्बु खातुन विजयी हुनुभएको छ । छात्रा आरक्षण सदस्यमा कक्षा ६ की अञ्जली घलान निर्विरोध निर्वाचित हुनुभएको हो ।

विद्यार्थीलाई निर्वाचन प्रक्रियाबारे प्रयोगात्मक अभ्यास गराउने उद्देश्यले विद्यालयले वर्षेनि विद्यार्थीबीच निर्वाचन गराएर नेतृत्व चयन गर्ने गरेको विद्यालयका शिक्षक एवम् निर्वाचन अधिकृत प्रमोद ढकालले जानकारी दिनुभयो । निर्वाचनमा विद्यालयको ४ कक्षादेखि १० कक्षासम्मका करिब ३ सय जना मतदाता रहेका थिँ । कक्षा १० का विद्यार्थीलाई कुनै पनि पदमा उम्मेदवार बनाइएको थिएन ।

# आधुनिकमा कक्षा १० का ८ जना मनिटर चयन

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-४ मा रहेको आधुनिक राष्ट्रिय माविमा कक्षा १० का ८ जना मनिटर चयन भएका छन् । विद्यालयको कक्षा-१० रहेको ८ वटा सेक्सनका विद्यार्थीबीच निर्वाचन गराएर मनिटर र सहायक मनिटर चयन गरिएको हो ।

विद्यालयले शुक्रबार मतदान कार्यक्रम आयोजना गरेको थियो । मतदानबाट नेपाली माध्यमको मनिटरमा जयप्रकाश साह मनिटर र रोशनी शाख सहायक मनिटरमा चयन हुनुभएको छ । यस्तै, अंग्रेजी माध्यमतर्फ सेक्सन 'ए'को मनिटरमा दिपेश कुशवाह र सहायक मनिटरमा अनिष जैसवाल चयन हुनुभएको छ ।



सेक्सन 'बी'को मनिटरमा अमनकुमार यादव र सहायक मनिटरमा इरोज सेढाइ निर्वाचित हुनुभएको छ । सेक्सन 'सी'को मनिटरमा सफरोज आलम र सहयक मनिटरमा एलिज परियार निर्वाचित हुनुभएको हो । यस्तै, सेक्सन 'डी'को मनिटरमा रविप्रसाद यादव र सहायक मनिटरमा दिनेश महतो निर्वाचित हुँदा सेक्सन 'इ'मा क्रमशः अध्ययन राना मगर र सोसिका खड्का मनिटर र सहायक मनिटर चयन हुनुभएको छ । 'एफ' सेक्सनमा इसिका श्रेष्ठ र सन्तोष लामा तथा 'जी' सेक्सनमा दीपेश लामा र किस्मत सुवेदी क्रमशः मनिटर र सहायक मनिटरमा निर्वाचित हुनुभएको विद्यालयका शिक्षक तथा निर्वाचन कार्यक्रम संयोजक लक्ष्मी खनालले जानकारी दिनुभयो ।

निर्वाचन कार्यक्रममा मनिटरमा २७ जना र सहायक मनिटरमा २० जनाको उम्मेदवारी परेको थियो । विद्यालयको कार्यक्रममा कक्षा १० का ४ सय ८ जना विद्यार्थीले मतदान गरेका थिए भने ३२ जना अनुपस्थित थिए । कार्यक्रममा १३ जनाको मत बदर भएको थियो । ८ जना मतदान अधिकृत, १६ जना कर्मचारी, ४० जना म्यादी प्रहरी, २५ जना स्काउट र १५ जना रेडक्रसका विद्यार्थीको सहयोगमा निर्वाचन कार्यक्रम सम्पन्न भएको हो ।


| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रोप्राईटर/सांझेदार/संचालकहरुको नाम | | | | | | | |
| | नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे : कृष्ण प्रसाद | | |
| | सुदिप कुमार अर्याल | हेटौंडा उ.म.न.पा. १२ सिग्रेनी सोल्टी चोक, मकवानपुर | ३१३०२१/६०० मकवानपुर, | २०६३.११.२२ | रामचन्द्र अर्याल | पति : | | |
| | धितो मंजुरिनामा दिनेको नाम | | | | | | | |
| | नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे/ससुरा | | |
| | बिन्द माया अर्याल | हेटौंडा उ.म.न.पा. १२ सिग्रेनी सोल्टी चोक, मकवानपुर | १४६ | मकवानपुर, २०४६.१.१६ | रामचन्द्र अर्याल | कृष्ण प्रसाद | | |
| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रु. | मिति २०८० चैत्र मसान्त सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत/मि.नं. | |
| ९ | वाङराङ एकिकृत कृषि तथा पशु फार्म | राक्सिराङ्ग गा.पा. ६ वाङराङ टोल | मकवानपुर सरल कृषि कर्जा | ५८५,००० | ५०,००० | ६३५,००० | १७१६४/१८२३२८८ | |
| | फर्मको दर्ता नं.: ७६/६३/०७७/०७८, दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दर्ता मिति : २०७७.९.१०.६ पान नं. : ६१४५५१०७७ पान दर्ता मिति : २०७७.९.६ | | | | | | | |
| | प्रोप्राईटर/सांझेदार/संचालकहरुको नाम | | | | | | | |
| | नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे | | |
| | मोतिराम चेपाङ्ग | राक्सिराङ्ग गा.पा. ६ वाङराङ टोल मकवानपुर | ३१/०१/७१/०११८१ | मकवानपुर, २०७१.२.४ | साहिला प्रजा | पुर्ण लाल प्रजा | | |
| | धितो मंजुरिनामा दिनेको नाम | | | | | | | |
| | नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे/ससुरा | | |
| | साहिला प्रजा | राक्सिराङ्ग गा.पा. ६ वाङराङ टोल मकवानपुर | १७६१ | मकवानपुर, २०४४.११.२८ | पुर्णलाल प्रजा | गर्व सिं | | |
| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रु. | मिति २०८० चैत्र मसान्त सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत/मि.नं. | |
| १० | सुनौलो एकिकृत कृषि तथा पशुपंक्षी फार्म | राक्सिराङ्ग गा.पा. ६ सिमरा गाउँ मकवानपुर | सरल कृषि कर्जा | ८२६,००० | ८०,००० | ९०६,००० | १७१६२/१८१८१६७ | |
| | फर्मको दर्ता नं.: ९९/८६/०७७/०७८, दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दर्ता मिति : २०७७.११.११.३ पान नं. : ६१५२८१९५१ पान दर्ता मिति : २०७७.११.१२ | | | | | | | |
| | प्रोप्राईटर/सांझेदार/संचालकहरुको नाम | | | | | | | |
| | नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे | | |
| | दिप लोप्चन | राक्सिराङ्ग गा.पा. ६ सिमरा गाउँ मकवानपुर | ३१३०१६/६ | मकवानपुर, २०७०.१.२७ | ज्ञान बहादुर लोप्चन | धनबिर लोप्चन | | |
| | धितो मंजुरिनामा दिनेको नाम | | | | | | | |
| | नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे/ससुरा | | |
| | ज्ञान बहादुर लोप्चन | राक्सिराङ्ग गा.पा. ६ सिमरा गाउँ मकवानपुर | ११० | मकवानपुर, २०४३.१०.११ | धनबिर लोप्चन | सुनबिर | | |
| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रु. | मिति २०८० चैत्र मसान्त सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत/मि.नं. तथा आई.डि. | |
| ११ | ड्रिम्स कला केन्द्र | हेटौंडा न.पा. ५ मकवानपुर | सेवा कर्जा | ९५०,००० | १२५,००० | १,०७५,००० | १६९०६/१७३४४३१ | |
| | फर्मको दर्ता नं.: १६८/१६८/२०७४/२०७५, दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दर्ता मिति : २०७४.७.१५.४ पान नं. : ६०७०९५८१८ पान दर्ता मिति : २०७४.७.१५ | | | | | | | |
| | प्रोप्राईटर/सांझेदार/संचालकहरुको नाम | | | | | | | |
| | नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे | | |
| | अनन्त बहादुर खुलाल | हेटौंडा न.पा. १ मकवानपुर | ३१-०१-७०-०३८३० | मकवानपुर, २०७०.३.२७ | नर बहादुर खुलाल | भिम बहादुर खुलाल | | |
| | धितो मंजुरिनामा दिनेको नाम | | | | | | | |
| | नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे/ससुरा | | |
| | नर बहादुर खुलाल | हेटौंडा न.पा. १ मकवानपुर | २१४० | काभ्रे मकवानपुर, २०३९.१२.७ | भिम बहादुर खुलाल | पहल बहादुर | | |
| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रु. | मिति २०८० चैत्र मसान्त सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम | कैफियत/मि.नं. तथा आई.डि. | |
| १२ | बि.एन.एस.एग्रो प्रा.लि. | मकवानपुरगढी गा.पा.५ मकवानपुर | व्यवसायिक कृषि तथा पशुपंक्षी कर्जा | १३,४००,००० | १,८००,००० | १५,२००,००० | १७१५८/१८१६१९५ | |
| | फर्म/कम्पनिको दर्ता नं.: १८८९१२/७४/०७५, दर्ता भएको कार्यालय : कम्पनि रजिष्टारको कार्यालय, दर्ता मिति : २०७५.१.२५ साथै घरेलु तथा साना उद्योग कार्यालय हेटौंडा मकवानपुरमा दर्ता नं. ४८/४८/२०७४/२०७५ मिति २०७५.३.२९.५ पान नं. : ६०६७१७१९१ पान दर्ता मिति : २०७५.१२.३ | | | | | | | |
| | प्रोप्राईटर/सांझेदार/संचालकहरुको नाम | | | | | | | |
| | नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे | | |
| | भरत पराजुली | मनहरी ४ मकवानपुर | ५८६९ | मकवानपुर २०४३.९.२९ | रामजी प्रसाद पराजुली | नन्दलाल पराजुली | | |
| | सबिन बहादुर बस्नेत | बिरगंज म.न.पा. ५ पर्सा | ३४१०२२/४८६२ | पर्सा २०६५.९.८ | जित बहादुर बस्नेत | | | |
| | यतिराज सापकोटा | मकवानपुरगढी गा.पा.५ मकवानपुर | २७४९३ | मकवानपुर २०५०.११.११ | कृष्ण प्रसाद सापकोटा | | | |
| | रामबहादुर गौतम | चौरीदेउराली ५ काभ्रेपलान्चोक | १८२२ | काभ्रेपलान्चोक २०४१.६.१२ | राम प्रसाद गौतम | | | |
| | धितो मंजुरिनामा दिनेको नाम | | | | | | | |
| | नाम | ठेगाना | नागरिकता नं., | जारी भएको जिल्ला र मिति | बाबु | बाजे/ससुरा | | |
| | किराती कुमारी सापकोटा | मकवानपुरगढी ५ चुहार | ३६५९ | २०३८.११.२८ मकवानपुर | कृष्ण प्रसाद सापकोटा | धनपति | | |

कृषि विकास बैंक लि.

प्रदेश कार्यालय वीरेन्द्रनगर, चितवन


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ